निर्णय किताव वैठक संख्याः ३८ मितिः २०७६।१२।०६ गते विहीवार

समितिको आज बसेको बैठकमा देहायबमोजिम निर्णय गरियो :

छिमेकी मुलुक चीनको हुवाई प्रान्तको वुहानमा सन् २०१९ डिसेम्बर ३१ मा देखा परेको नोबेल कोरोना भाइरस (Covid -19) हाल विश्वका १६६ भन्दा बढी देशमा फैलिसकेको छ । विश्वमा उक्त भाइरसको संक्रमणबाट हालसम्म मृत्यु हुने मानिसको संख्या ८ हजार भन्दा बढी पुगिसेकेको छ । विश्व स्वास्थ्य संगठन (WHO) ले सन् २०२० जनवरी ३० मा कोरोना भाइरसका सम्बन्धमा Public Health Emergency of International Concern (PHEIC) भनी घोषणा गरेको छ । कोरोना भाइरसको शुरुवात भएको छिमेकी मुलुक चीनले आवश्यक भौतिक, वित्तीय र मानवीय स्रोत परिचालनको माध्यमबाट कोरोना भाइरस नियन्त्रणमा आइसकेको घोषणा गरिसकेको छ । यसै सन्दर्भमा नेपाल सरकारले पनि उच्च सतर्कता अपनाउन सार्वजनिक अपिल गरिसकेको छ । उक्त भाइरसको संक्रमण फैलिन नदिन माननीय उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखेलको संयोजकत्वमा गठित Covid-19 संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिको मिति २०७६।१२।०५ मा बसेको बैठकले एसईई लगायत सम्पूर्ण शैक्षिक संस्था र विश्वविद्यालयका चैत्र महिनाभर सञ्चालन हुने शैक्षिक कार्यक्रमहरु तत्कालका लागि स्थगित गर्ने एवम् सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलन जस्ता सम्पूर्ण कार्यक्रम पनि बन्द गर्ने निर्णय गरेको छ । हालसम्म नेपाल सरकारले गरेको प्रयासलाई धन्यवाद दिदै नेपालमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन र त्यसबाट संक्रमितको लागि उपचारको विशेष व्यवस्था मिलाउन देहायबमोजिम निर्णय गरियो ।

१) उपत्यका लगायत देशभरका स्वास्थ्य संस्थामा जनसंख्याको चापअनुसार आईसीयु र आइसोलेसन बेडको पर्याप्त व्यवस्था गर्ने र कोरोना भाइरसको परीक्षणका लागि आवश्यक उपकरण, किट्स, मास्कको सञ्चय गरी अत्यावश्यक औषधी सहित चिकित्सक टोलीको तत्काल व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

२) नेपाल सरकारले सबै प्रदेश, स्थानीय तह, सरकारी, सामुदायिक र निजी स्वास्थ्य संस्था बीच आवश्यक समन्वय कायम गरी प्रत्येक प्रदेशमा यसको परीक्षण र उपचारका लागि आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।

३) प्रत्येक स्वास्थ्य संस्थामा विशेषज्ञ चिकित्सकको टोलीको व्यवस्था गरी परीक्षण र उपचारमा संलग्न चिकित्सकहरुको उच्च मनोबल र विशेष सुरक्षाको सुनिश्चितता गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।

४) मास्क, औषधी लगायत दैनिक खाद्य पदार्थहरुको बजारमा देखिएको कृत्रिम अभाव एवम् कालोबजारीलाई नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन गर्ने र अनुगमनको क्रममा भेटिएका अवाञ्छित कार्यमा संलग्न जो सुकैलाई तत्काल कडा कारवाही गर्न नेपाल सरकार गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन गर्ने ।

५) क्षमता भन्दा बढी कैदीबन्दी रहेको कारागारमा कोरोना भाइरसको उच्च जोखिम हुने हुँदा कारागारमा क्षमता भन्दा बढी कैदी भएमा हटाउनेतर्फ विद्यमान कानूनको कार्यान्वयन गरी वा थप कानूनी प्रबन्ध गरी व्यवस्थापन गर्ने र कारागारमा तत्काल हुन सक्ने जोखिम न्यूनीकरणको प्रयास गर्न गृह मन्त्रालयलाई निर्देशन गर्ने ।

६) बालगृह, अनाथालय, वृद्धाश्रम, शिशु स्याहार केन्द्र, पुनस्थापना केन्द्रहरुमा आवश्यक सतर्कता अपनाउन नेपाल सरकार गृह मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ध्यानाकर्षण गराउने ।

७) कोरोना भाइरसको नियन्त्रणमा सफलता हासिल गरेको छिमेकी मुलुक चीनको व्यवस्थापकीय पक्षको समेत जानकारी लिई कोरोना संक्रमण हुन नदिन र आवश्यक रोकथामको बारेमा देशभरका सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत तत्काल जनचेतना फैलाउने व्यवस्था मिलाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यानाकर्षण गराउने ।

८) कोरोना भाइरसको बारेमा सत्य तथ्यमा आधारित सूचना मात्र प्रकाशन गर्न सबै सञ्चारगृह र सञ्चारमाध्यमलाई हार्दिक अपिल गर्दछ । साथै सञ्चार माध्यम र सामाजिक सञ्जालमा गलत सन्देश सहित अफवाह फैलाउनेलाई कानूनबमोजिम कारवाही गर्न नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यानाकर्षण गराउने ।

९) कोरोना भाइरसविरुद्धको लडाइँमा सम्पूर्ण राजनीतिक दलहरुले देखाएको राजनीतिक एकता र प्रतिबद्धताको सह्राना गर्दै सम्पूर्ण राजनीतिक दल, तिनका भातृ संगठनहरु, गैरसरकारी संस्था लगायत नागरिक समाजको संयुक्त प्रयासबाट जनचेतना अभिवृद्धिका कार्यक्रमहरु बस्तीस्तर सम्म पुर्‍याउन आह्वान गर्ने ।